

# माटोको उर्बराशक्तिको लागि हरियो मल

*राजेश कुमार श्रेष्ठ

बाली उत्पादनको लागि हरियो मलको महत्वपुर्ण भुमिका रहेको पाइन्छ । हाम्रो जस्तो रासायनिक मल आयात गर्ने देशमा हरियो मलको बिशेष महत्व छ । हरियो मलले माटोमा जैविक पदार्थ मात्र पूर्ति नगरि माटोको भौतिक, रासायनिक एवं जैविक स्थीतिमा पनि निकै सुधार गर्दछ । झन कोशेबाली समुहको हरियो मल दिने बालीबाट अरु फाइदा पनि प्राप्त गर्न सकिन्छ । यी बालीका जराका जिर्खामा रहेका जीवाणुले वायुमण्डलबाट नाइट्रोजन तत्व ग्रहणगरी माटोमा संग्रह गर्दछ जुनकि अर्कोबालीको लागि उपयोगी हुन्छ । यस बाहेक माटोको संरचना र माटोको पानी थाम्ने शक्तिमा पनि बृद्धि हुन जान्छ । ताजा जैविक पदार्थ (Fresh Organic Matter) ले एउटा विशेष जैविक अम्ल उत्पादन गरि माटोको क्षारियपन कम गर्नमा बिशेष कार्य गर्दछ । यसले माटोलाई जीवन प्रदान गर्ने गड्यौला, कमिला र मुसाहरुलाई पनि भोजन उपलब्ध गराउँदैछ । यी जनावर हरु माटोमा बस्दछन् जसले गर्दा माटोमा हावाखेल्न पाउँछ र माटो खुकुलो एवं भुरभुराउँदो पनि हुन जान्छ । यसबाट बिरुवाले पर्याप्त अक्सिजन (हावा) प्राप्त गर्दछ । यस बाहेक ताजा जैविक पदार्थले अम्लिय माटोमा फसफोरसलाई मिलाई बिरुवाको लागि ग्रहण योग्य बनाउन महत्वपूर्ण भुमिका निभाउँदछ ।

## हरियो मल दिने बालीहरु

हरियो मल दिने बालीहरु मध्ये सनई (Sannermp), ढैंचा, बरसीम र दलहनबाली ९ जस्तैः मुंग, ग्वार सिमी, बोडी वा लोविया आदि हुन् । यी बालीहरुको उपयुक्तता नाइट्रोजन स्थिरीकरणको मात्रा माटोको किसिम, जलबायु, सिंचाई सुविधा, बालीको बृद्धि दर र माटोमा मिसिने गुण आदिमा निर्भर हुन्छ ।



विभिन्न हरियो बालीमा पाइने जैविक पदार्थको मात्रा एवं माटोमा नाइट्रोजन थपिने निम्नानुसार पाइन्छः-

| हरियो मल बाली | लगाउने मोसम | औसत हरियो पदार्थको उब्जनी (मे. ट. प्रति हेक्टर) | हरियो तौलको आधारमा नायट्रोजन प्रतिशत | नाइट्रोजन थप कि. ग्रा. प्रति हेक्टर |
|---|---|---|---|---|
| क) सनई | गर्मी | २१.२ | ०.४३ | ७५.० |
| ख) ढैंचा | गर्मी | २०.० | ०.४२ | ८६.९ |
| ग) मूंग | गर्मी | ८.० | ०.५३ | ३४.५ |
| घ) बोडी | गर्मी | १५.० | ०.४९ | ५०.३ |
| ङ) ग्वार सिमी | गर्मी | २०.० | ०.३४ | ५५.६ |
| च) बरसीम | जाडो | १५.५ | ०.४३ | ५४.२ |
| छ) सेन्जी | जाडो | २८.० | ०.५१ | १२०.० |

**सनई** (San n hemp )

यो एकदमै महत्वपूर्ण हरियो मल बाली हो । यो बलौटे माटो जहाँ पानी जम्दैन तर सिंचाइको सुविधा र पर्याप्त बर्षा हुने ठाउँमा राम्रो हुन्छ । जहाँ सिंचाई सुविधा छैन । त्यस ठाउँमा मनशुनको शुरुवातमा ५० देखि ६० कि. ग्रा. बीउ प्रति हेक्टर छर्नु पर्दछ । यो हरियो बाली हाम्रो देशमा उति सारो प्रयोगमा आएको पाइदैन ।

**ढैंचा**

यो हरियोमल बाली हाम्रो देशमा एकदमै प्रचलित छ । सबै किसानले यसलाई मनपराएको पाइन्छ । हाम्रो देशको हावापानीमा यसले उच्च किसिमको हरियो मल उपलब्ध गराउंदछ । यो बालीलाई सुख्खा पानी जम्ने, क्षारीय तथा अम्लिय अवस्थामा पनि लगाउँ फायदा हुन्छ । तर ढैंचा चिप्लो माटो एवं धेरै बर्षा हुने क्षेत्रमा राम्ररी सप्रिन्छ । सिंचित क्षेत्रमा ढैंचालाई बैशाख देखि जेष्ठको दोश्रो सप्ताह सम्म लगाइन्छ । यो बाली लगाएको २-३ महिनामा जोताई गरी हरियो मल बनाइन्छ । प्रति हेक्टर खेतमा ५० देखि ६५ कि. ग्रा. बीउ आवश्यक पर्दछ । ढैंचा धान खेती गर्ने माटोको लागि उत्तम हरियो मल हो । ढैंचा जोताई गरेको खेतमा १० देखि १५ दिन पछि धानवाली रोपाई गरिन्छ ।

**मूंग**

मुंग बाली पनि हरियोमल दिने एक मूख्य बाली मानिन्छ । असार महिनामा २ देखि ३ पटक मूँगको कोशा टिपेर हरियो मलको लागि जोतिन्छ । सिंचित अवस्थामा मूंग बाली बैशाख-महिनामा गहुँ काट्नासाथ लगाईन्छ । प्रति हेक्टर खेतमा २० देखि २५ कि. ग्रा. बीउ प्रयोग गरिन्छ । हरियो मल बनाउन पूसा बैशाखी मुंगको बढी प्रचलन भएको पाइन्छ । हरियो मलको लागि बाली जोतिएको १० देखि १५ दिन पछि धानबाली रोपाई गर्नु पर्दछ ।

यस बाहेक पहाडी क्षेत्रमा बनमारा, तितेपाती, सींरीस, असुरो आदिलाई पनि हरियो, मलको रुपमा प्रयोग गरिएको पाइन्छ। तर यिनिहरु खेतमै नउमारी अन्यत्रबाट काटी ल्याई माटोमा मीसाईन्छ ।

**हरियो मल बालीमा माटोमा पल्टाउने अवस्था**

हरियो मललाई राम्ररी गलाउन (सडाउन) हरियो पदार्थ नरम र माटोमा पर्याप्त चिस्यान हुनु आवश्यक हुन्छ। हरियो मल बालीले फूल आउने अवस्थामा नरम, जैविक पदार्थका साथै कार्बन र नाइट्रोजनको अनुपात एकदमै कम भएको हुन्छ। यस अवस्थामा माटोमा बाली पल्टाउँदा छिटो नाइट्रोजन प्राप्त हुन्छ। जतिजति बालीको उमेर बढ्दै जान्छ त्यति त्यति नै नाइट्रोजन घट्दै जान्छ र कार्बन युक्त पदार्थ बढ्दै जान्छ । जुनकि बाली बिरुवालाई हानीकारक हुन्छ । हरियोमल बाली खेतमा मिलाउन अघि खेतमा सिंचाई गर्नु पर्दछ र बालीमा पटेला चलाउन पर्दछ तर यसबेला माटो एकदमै भिजेको अथवा सुख्खा हुनु हुदैन । त्यसपछि तल ढलेका हरियो मलले बालीलाई माटो पल्टाउने हलोले पल्टाउनु पर्दछ । बढी चिस्यान भएको बेला बाली पल्टाएमा यसबाट माटोको संरचनामा प्रभाव पर्दछ र ज्यादा सुख्खा भएको खण्डमा बाली सडाउनमा बाघा पुग्दछ। बाली हरियो मलको लागि पल्टाइसेपछि हरियो पदार्थ गलाउन पुरा सिंचाई दिर्नु पर्दछ । □

## रासायनिक मलखादको साथसाथै

# हरियो मल

## प्रयोग गरी कम खर्चमा

## अधिक कृषि उत्पादन गरौं ।